**Tribhuvan University Journal**
**Vol. 40, No. 1: 234-249, June 2025**
**Research Directorate, Tribhuvan University (TU),**
**Kathmandu, Nepal**
**DOI: https://doi.org/10.3126/tuj.v40i1.80126**

**This work is licensed under the Creative Commons CC BY-NC License.**
**https://creativecommons.org/licenses/by-nc/4.0/**

# एउटा महानगरमा कथामा परिचयसङ्कट

***नेत्र एटम***

*नेपाली केन्द्रीय विभाग, त्रिवि, काठमाडौँ*
*Corresponding author: atomnetra@gmail.com*

Received date: 31 Aug. 2024 – Accepted date: 25 April 2025

## लेखसार

प्रस्तुत लेखमा कथाकार मीरा प्रधान रेमको ‘एउटा महानगरमा’ कथालाई कलात्मक पाठका रूपमा लिई त्यसमा परिचयसङ्कटका विभिन्न आयामहरूको विश्लेषण र मूल्याङ्कन गरेर उक्त कथाको मूल्य निरूपण गरिएको छ । ‘एउटा महानगरमा’ कथामा परिचयसङ्कट कुन कुन पात्रमार्फत् कसरी अभिव्यञ्जित भएको छ भन्ने समस्यामा केन्द्रित रहेकाले देशको भूगोल, संस्कृति, परम्परा र मूल्यमान्यताहरूको अन्तर्सम्बन्धबाट उक्त कथाका पात्रहरूका जीवनचिन्तनमा देखिने भिन्नताको कारण र परिणति मूल्याङ्कन गर्नु यस लेखको उद्देश्य हो । यसमा परिचयसङ्कटको विश्लेषणका निम्ति मूल रूपमा मनोवैज्ञानिक इरिक्सन (सन् १९८२), उत्तरऔपनिवेशक चिन्तक सइद (सन् १९९३) र आप्रवासीको पहिचान र प्रतिनिधित्वका अध्येता हल (सन् १९९८) ले स्थापना गरेका परिचयसङ्कटका आधारभूत मान्यतालाई सैद्धान्तिक ढाँचाका रूपमा अवलम्बन गरी गुणात्मक अनुसन्धान पद्धतिअन्तर्गत पाठविश्लेषण विधि अवलम्बन गरिएको छ । यसमा पात्रहरूको भूमिकाको विस्तार, भूमिकामा दुविधा र आत्मसन्देहको परिस्थिति सिर्जना गर्ने कारकहरूको पहिचान, सङ्कटको सामना र त्यसले उत्पन्न गर्ने सकारात्मक-नकारात्मक निर्णयको मूल्याङ्कन भएको छ । ‘एउटा महानगरमा’ कथामा जर्मनीमा वसोवास गर्ने नेपाली ‘म’पात्रमा भूगोल र सांस्कृतिक भिन्नताका कारण प्रेम एवम् विवाहबारे सही निर्णय गर्न नसकी आफ्नो परिचयप्रति नै शङ्का हुने अवस्था आएको तर जर्मनेली केटीमा चाहिँ प्रेममा पुँजीवादी मूल्यको उपयोगितावादी प्रवृत्तिका कारण आत्मसन्देहको अवस्था सिर्जना भई परिचयसङ्कटको अभिव्यक्ति कलात्मक रूपमा आएको छ भन्ने निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी :** अस्तित्वको सङ्कट, आत्मसन्देह, द्वैध चेतना, परिस्थिति, भूमिकाको विस्तार, भूमिकामा दुविधा ।

## परिचय

प्रस्तुत अध्ययन मीरा प्रधान रेमको 'एउटा महानगरमा' शीर्षकको कथाका पात्रमा पाइने परिचयसङ्कटको विषयमा केन्द्रित रहेको छ । परिचयसङ्कट (आइडेन्टिटी क्राइसिस) भनेको विशेष परिस्थितिमा व्यक्तिलाई आफ्नो परिचयप्रति सिर्जना भएको भ्रम हो । आफ्नो इगोलाई अरूप्रतिको कर्तव्य र सम्बन्धका रूपमा सही ढङ्गले सामञ्जस्य गर्न नसक्दा परिचयमा सङ्कट आउँछ (स्कुल्ज र स्कुल्ज, सन् २०१७, पृ. १६७) । यस्तो सङ्कट वय:सन्धिको अवस्थामा सामान्य भए पनि मानिस एउटा स्थानबाट सरेर अर्को स्थानमा बस्दा पनि हुन सक्छ । भूगोलको भिन्नता, सांस्कृतिक बेमेल, मूल्यहरूको समायोजनमा कमी आदि कारणले व्यक्तिमा वास्तविकता र चाहनाका बिच अन्तर्सङ्घर्ष बढ्दै जाँदा उसले परिचयसङ्कटको सामना गर्नुपर्छ । यसको सम्बन्ध उसले लिने निर्णयहरूसँग हुन्छ त्यसमा उसले दुविधाको सामना गर्नुपर्छ । आफ्नो भूमि छोडेर अर्को भूमिमा बसेको व्यक्तिले विभिन्न प्रकारका भिन्नताका कारण बिरानोपनको अनुभूति गर्नु र आफ्नो परिचयमै शङ्का गर्नुपर्ने यस्तो अवस्था साहित्यिक कृतिमा पनि पाइन्छ । विशेष गरी पराइ भूमिमा डायस्पोराका रूपमा स्थापित हुँदा कृतिका पात्रले परिचयसङ्कटको सामना गर्छन् । एउटै भूमिमा भए पनि सम्बन्धमा मूल्यको भिन्नताले गर्दा वा पेसा रोज्दा आउने दबाबका कारण पनि पात्रमा यस्तो मनोवैज्ञानिक सङ्कट देखा पर्छ । यसले गर्दा ऊ आफ्नो सहज मानसिक सन्तुलन कायम गर्न गतल निर्णय लिने र लागुपदार्थमा  लाग्ने प्रकृतिको पनि हुन सक्छ । त्यसैले परिचयसङ्कटलाई कथाका पात्रका चिन्तन, व्यवहार, निर्णय, उपेक्षा र समस्यालाई उद्घाटन गर्नका निम्ति समालोचनामा उपयोग गर्न सकिन्छ ।

नेपाली कथाका क्षेत्रमा मीरा प्रधान रेम (सन् १९४६) को प्रवेश *गरिमा* पत्रिकामा प्रकाशन भएको 'अनिता' (२०४१) कथाबाट भएको हो र अहिलेसम्म उनको एउटै मात्र कथासङ्ग्रह *एउटा महानगरमा* (२०५३) प्रकाशित छ । यसमा जर्मनीमा बसेर त्यहींकी केटीको प्रेममा परेको नेपाली केटाले सांस्कृतिक द्वन्द्वबाट सिर्जित दबाब र तनावका कारण परिचयमा सङ्कट अनुभूत गरेको छ भने जर्मनेली केटीले पनि प्रेमसम्बन्धमा मूल्यगत भिन्नताका कारण आफ्नो अस्तित्वमा उत्पन्न सङ्कटको सामना गरेकी छ । यस कथालाई प्रधान (२०५३) ले मूल्यहीनताको स्थितिमा गहिरिँदै गएको मानवीय सङ्कटलाई सङ्केत गर्ने नारी अस्तित्वका दृष्टिले मूल्याङ्कन गरेका छन् भने गौतम र अधिकारी (२०६९) ले यसलाई विदेशी परिवेशको चित्रण गर्दै सहरिया विकृति र संवेदनाहीन समाजको चित्रण भएको कथाका रूपमा चिनाएका छन् । त्यस्तै, एटम (२०७०) ले यसलाई पात्रको दुई स्थान, संस्कृति, चिन्तन तथा प्रेम र कर्तव्यका बिच बाँच्न विवश जीवनको अनुभूतिलाई महत्त्व दिएर उत्कृष्ट डायस्पोरिक कथाका रूपमा विश्लेषण गरेका छन् । उपर्युक्त पूर्वकार्यमा

'एउटा महानगरमा' कथामा पात्रको परिचयसङ्कटका केही पक्षको सामान्य सङ्केत भए पनि त्यसको निरूपण हुन भने सकेको छैन । अतः 'एउटा महानगरमा' कथामा कुन कुन पात्रले कस्तो अवस्थामा कसरी परिचयसङ्कटको सामना गरेका छन् र त्यसले तिनीहरूको जीवनको निर्णयमा कस्तो प्रभाव पारेको छ भन्ने प्राज्ञिक जिज्ञासाहरू यस अनुसन्धानमा समस्याका रूपमा रहेका थिए । अतः प्रस्तुत अध्ययनमा यिनै जिज्ञासाहरूले नै प्रस्तुत अनुसन्धानलाई प्रेरित गरेका हुन् । यस शोधकार्यलाई अघि बढाउनका निम्ति अनुसन्धाताले मीरा प्रधानको 'एउटा महानगरमा' कथाका पात्रहरूको द्वैध चेतनाको मूल्यगत परिस्थिति स्पष्ट पारेर तिनले सामना गरेको परिचयसङ्कटको मूल्याङ्कन गरिएको छ । यस अध्ययनबाट आख्यानमा प्रयुक्त भिन्न मूल्य वा भूगोल र संस्कृतिका कारण विचलित पात्रहरूको मनस्थिति र समस्या उद्घाटन गर्नका निम्ति एउटा पृथक् अन्तरविषयक पद्धति प्राप्त हुने छ ।

## अध्ययनविधि

प्रस्तुत अनुसन्धानका निम्ति निर्धारित उद्देश्यहरू पूरा गर्न पुस्तकालय कार्यबाट मीरा प्रधान रेमको 'एउटा महानगरमा' कथामा प्रयुक्त पात्रहरू, तिनको परिवेश, आपसी सम्बन्ध, सांस्कृतिक मूल्य एवम् परिचयसङ्कटलाई उद्घाटन गर्ने अन्य पक्षहरूको साक्षीका रूपमा संवाद, आत्मालाप, वर्णन, दृष्टान्त, चिन्तन आदि प्राथमिक सामग्री सङ्कलन गरिएको छ । यसरी सङ्कलित सामग्रीहरूबाट प्राप्त तथ्याङ्कको विश्लेषण र मूल्याङ्कन गरी सामान्यीकृत निष्कर्षसम्म पुग्नका निम्ति विभिन्न सैद्धान्तिक र प्रायोगिक समालोचनाका ग्रन्थहरूबाट द्वितीयक सामग्रीको सङ्कलन गरिएको छ। उपर्युक्त दुवै प्रकारका सामग्रीहरूको समुचित प्रयोग गरी मीरा प्रधान रेमको 'एउटा महानगरमा' कथाका पात्रमा अन्तर्निहित परिचयसङ्कटका कारक, अवस्था र परिणति उद्घाटन गर्न विश्लेषणको एउटा सैद्धान्तिक ढाँचा तयार पारिएको छ र यसका निम्ति मनोविश्लेषणात्मक, उत्तरऔपनिवेशिक र डायस्पोरिक समालोचनाका आधारमा गुणात्मक शोधपद्धतिबाट सामग्रीको व्यवस्थापन गर्दै त्यसलाई अर्थापन गरिएको छ ।

## विश्लेषणको सैद्धान्तिक ढाँचा

परिचयसङ्कटले व्यक्तिको चेतनामा उत्पन्न आफ्नो परिचयप्रतिको अनिश्चितता र आशङ्काका कारण सिर्जना भएको असुरक्षालाई बुझाउँछ। अहिलेको समयमा तेस्रो विश्वका देशबाट पहिलो विश्वका देशमा रोजगारी र उन्नत जीवनस्तर खोज्नका निम्ति शरणार्थीका रूपमा, बसाइँ सराइ गरेर वा आवश्यकतापूर्तिका निम्ति आप्रवासी भएर जाने क्रम बढेको छ। यसले गर्दा व्यक्ति पृथक् समुदायमा रहेर मूल्यको भिन्नता र सांस्कृतिक बेमेलको अवस्था भोग्न बाध्य हुन्छ जसले परिचयसङ्कट सिर्जना गर्छ। परिचय र त्यसमा आउने सङ्कटबारे सैद्धान्तिक विमर्श गर्ने एक जना महत्त्वपूर्ण अध्येता जर्मनेली मनोविश्लेषक इरिक इरिक्सन (सन् १९०२–१९९४) हुन् । उनले *चाइल्डहुड यान्ड सोसाइटी* (सन् १९६३) र *आइडेन्टिटी*

*:योथ यान्ड क्राइसिस* (सन् १९६८) कृतिमा किशोरावस्थामा अनुभूत हुने परिचयसङ्कटको गहन विश्लेषण गरेका छन् भने *द लाइफ साइकल कम्प्लिटेड* (सन् १९८२) कृतिमा सबै उमेरसमूहका व्यक्तिमा आउने परिचयसङ्कटका विभिन्न आयाम र तिनका विशेषताको मूल्याङ्कन गरेका छन् । उनले बाल्यकालदेखि वयस्कसम्ममा मान्छेले उमेरका आठ ओटा अवस्था पार गर्ने बताएका छन् र तिनमा पहिलो अदृश्यावस्था (१८ महिनासम्म), दोस्रो शिशु अवस्था (१८ महिनादेखि ३/४ वर्षसम्म), तेस्रो प्रारम्भिक चलायमान अवस्था (३/४– ४/५ वर्षसम्म), चौथो लुप्तावस्था (४/५–१२ वर्षसम्म), पाँचौं किशोरावस्था (१३–२० वर्षसम्म) बाट प्रारम्भ भएर छैटौं पूर्ववयस्कावस्था (२१–३० वर्षसम्म), सातौं मध्यवयस्कावस्था (३१–५० वर्षसम्म) र आठौं उत्तरवयस्कावस्था (५१ वर्षपछि) पर्छन् (बराल, २०७२, पृ. १०३) । यी अवस्थामध्ये पनि अधिकांशतः परिचयसङ्कटसँग व्यक्तिको सामना किशोरावस्थामा हुन्छ तर त्यसको सम्बन्धचाहिँ व्यक्तिको जीवनभर रहिरहन्छ । यस्तो समस्या व्यक्तिको प्रमुख भूमिकामा परिवर्तन भई आफ्नै निर्णय गर्नुपर्ने अवस्थामा देखिन्छ, जस्तै : परिवार छाडेर नयाँ ठाउँमा बसाइँ सर्दा, नयाँ जागिर सुरु गर्दा, विवाह वा पारपाचुके गर्दा आदि (इरिक्सन, सन् १९६८, पृ. २११) । प्रेमसम्बन्धको पृथक् परिस्थितिमा आफूलाई पाउँदा व्यक्तिले धेरै खालका सम्झौता र भूमिकाका साथ मानसिकता एवम् व्यवहारलाई सामञ्जस्य गर्दै अघि बढ्नुपर्ने हुन्छ तर तिनमा सन्तुलन ल्याउन नसक्दा उसमा आत्मसन्देहको अवस्था सिर्जना हुन्छ । यस्तो सन्देशले परिचयसङ्कट सिर्जना हुन्छ र त्यसको सही व्यवस्थापन हुन सकेन भने व्यक्तिमा नकारात्मक शक्तिको तीव्रता देखिन्छ र ऊ लागुपदार्थको कुलतमा लाग्ने, मनस्तापमा पर्ने वा आत्महत्याको अवस्थासम्म पनि पुग्न सक्छ (स्टेभेन, सन् २०१२, पृ. ५५) । अतः कथाका पात्रमा सिर्जना हुने परिचयसङ्कटको अध्ययन गर्दा कठिन परिस्थिति, पात्रको निर्णय र त्यसको परिणतिमा विशेष रूपले केन्द्रित हुनुपर्छ ।

'एउटा महानगरमा' कथामा आफ्नो मौलिक नेपाली संस्कृतिको परिवृत्तबाट बाहिर गएर पश्चिमी समाजको मूल्यमा बाँचेको 'म' पात्रको परिचयसङ्कटको अवस्था देखिने हुँदा यहाँ उत्तरऔपनिवेशिक परिस्थितिमा अनुभूत हुने परिचयसङ्कटको सैद्धान्तिक आधार पनि दिइएको छ । एड्वार्ड सइद (सन् १९८४, पृ. १४८) का विचारमा मान्छे सिद्धान्ततः एउटा संस्कृति, एउटा परिवेश, एउटा घरप्रति सचेत हुन्छ तर जब ऊ अर्काको भूमिमा पुग्छ तब उसमा विपरीत र बहुदृष्टिकोणलाई सचेत रूपले सामञ्जस्य गर्ने समस्या आइपर्छ । यस अवस्थामा आफू र अरुको भूमिबिचको मान्छेको सोचमा प्रकट हुने आत्मपरिचयको प्रश्नले व्यक्तिमा एउटा रिक्तता र समस्या उत्पन्न हुन्छ । त्यस समस्याको सही समाधान नपाउँदा उसले भिन्नतासित सम्बन्धित विभिन्न दृष्टिकोणहरूमध्ये परिचयसङ्कटको पनि सामना गर्नुपर्छ (हल, सन् १९९८, पृ. १०) । एकातिर सामाजिक मूल्य र स्थानान्तरणका कारण मनोवैज्ञानिक रूपमा व्यक्ति व्यथित हुन्छ भने अर्कातिर त्यसले उसमा उत्साहहीनताको चरित्र विकास हुन पुग्छ । त्यसले गर्दा पात्रले आफू परिचयको सङ्कटमा परेको अनुभूति

गर्छ, जुन बेला उसले सोचेको कुरा उल्टो पर्छ, मानसिक समस्या जटिल हुन्छ र उसलाई निर्णयमा अनिश्चितता एवम् अस्थिरताको अनुभव गराउँछ (मर्सर, सन् १९९०, पृ. ४३) । विदेशमा रहँदा आफ्नो रङ, जाति र राष्ट्रियताका आधारमा विभेद भएमा पात्र रैथानेहरूसँग भयभीत र आतङ्कित भई हीनताग्रन्थिका साथ जिउनुपर्छ (फानोन, सन् १९६७, पृ. ९) । यस्तो अवस्थामा शक्तिशाली देशको संस्कृति कमजोर देशको संस्कृतिप्रति वर्चस्वशाली हुनु स्वाभाविकै हो । त्यसैले व्यक्तिको परिचय नै सांस्कृतिक पद्धतिले निर्माण गर्छ तर त्यसको स्तरनिर्धारण चाहिँ साम्राज्यवादी सत्ताले नै गर्छ (सइद, सन् १९९३, पृ. ६१) । यस प्रकार निर्माण हुने परिचय चलायमान हुने हुँदा त्यसमा जहिले पनि सङ्कट आउन सक्छ र जसका कारण व्यक्तिलाई भयले सताइरहन्छ । औपनिवेशिक चिन्तनले सिर्जना गर्ने सांस्कृतिक परिचय पूर्वी र पश्चिमीमा बाँडिएको हुन्छ, जसलाई चिन्तनको भिन्नताले स्पष्ट पार्छ तर त्यसलाई निरन्तरता दिन खोज्दा व्यक्ति आफू बसेको पश्चिमी समाजबाट बहिष्कृत हुने स्थिति पनि आउन सक्छ । यसले गर्दा देश छोडेको व्यक्तिमा आफू कमजोर, घरविहीन, एक्लो र स्वसंस्कृतिबाट विच्छेद भएको अनुभूति गर्न थाल्छ अनि विरानोपनका कारण उसलाई आफ्नो वास्तविकताप्रति नै दुविधा हुन थालेपछि परिचयसङ्कट सिर्जना हुन्छ ।

प्रस्तुत अध्ययनमा मीरा प्रधान रेमको 'एउटा महानगरमा' कथामा प्रयुक्त जर्मनेली भूमिमा बसेको नेपाली 'म' पात्र र जर्मनीमै रहेकी जर्मनेली केटीको परिचयसङ्कटको अवस्था विश्लेषण गर्न यहाँ इरिक इरिक्सन, एड्वार्ड सइद र फानोनका सिद्धान्तको उपर्युक्त विमर्शलाई उपयोग गरी विश्लेषणको सैद्धान्तिक ढाँचा तयार पारिएको छ जसमा तीन ओटा उपकरणहरू रहेका छन् : (१) भूमिकाको विस्तार, (२) भूमिकामा दुविधा, र (३) आत्मसन्देहको स्थिति । यिनै तीन आधारमा यहाँ उक्त कथामा प्रयुक्त पात्रहरूको परिचयमा देखिने सङ्कटावस्थाको मूल्याङ्कन गरी तिनको प्राप्तिको निरूपण भएको छ ।

## विमर्श र परिणाम

प्रस्तुत अध्ययनका निम्ति प्रयुक्त पाठ मीरा प्रधान रेमको 'एउटा महानगरमा' कथाको मूल विषयवस्तु जर्मनीमा बसेको नेपाली पुरुष पात्रको परिचयको सङ्कटको प्रस्तुति हो । त्यसमा जर्मनेली महिला पात्रहरूको जीवनमूल्यगत भिन्नताबाट सिर्जित परिचयको शङ्कास्पद अवस्थालाई पनि अभिव्यक्ति दिइएको छ । यो कथा २०५१ (सन् १९९५) सालमा रचिएको सूचना कथाकारले दिएकी छन् (प्रधान रेम, २०५३, पृ. ५०) । यस अवधिमा नेपालमा बहुदलीय प्रजातन्त्रको उदय (२०४६) भएको हो । त्यसपछिको नेपाली युवा पुस्ताको सोच, मूल्य, मान्यता र स्वभाव अघिल्लो पुस्ताभन्दा एकदमै भिन्न रहेको सङ्केत गौतम (२०६४, पृ. २८३) ले गरेका छन् र त्यसलाई उनले ताडित पुस्ता भनेका छन् । त्यसै पुस्ताको एउटा नेपाली पात्र जर्मनीको ह्याम्बर्गमा गएर जर्मनेली युवती कोरीसँग प्रेममा पर्छ तर घरको संस्कार त्याग्न पनि सक्दैन र आमाले खोजेकी केटीसँग विवाह गर्न नेपाल आउँदै हुन्छ । यस्तो भिन्न निर्णयको अवस्थाको समाधान गर्ने सही

कारण पहिल्याउन नसकी विचलित 'म' पात्रको परिचयसङ्कट यस कथामा आएको छ र उसकै सन्दर्भमा एउटी जर्मनेली केटीको परिचयसङ्कटसित पनि पाठक परिचित हुन पुग्छ । भिन्न राष्ट्रियता भएको देशमा बसोबास तथा सम्बन्ध स्थापित गर्नु भनेको स्वतन्त्र व्यक्तिका निम्ति कठिन र ऐतिहासिक रूपमा निर्णायक हुन्छ (गान्धी, सन् २००६, पृ. १२३) । उत्तरऔपनिवेशिक चिन्तनले बाहिरिया मान्छेलाई जङ्गली, पशुवत् र तुच्छ श्रेणीमा पनि पुऱ्याउँछ । त्यसैले 'एउटा महानगरमा' कथामा प्रयुक्त दुई भिन्न स्थानिक पात्रहरूले अनुभूत गरेको परिचयसङ्कटबारे विमर्श गर्न र त्यसको परिणाम देखाउन यहाँ भूमिकाको विस्तार, भूमिकामा दुविधा र आत्मसन्देहको स्थितिबाट पात्रको मनोवैज्ञानिक र आप्रवासीपनको विश्लेषण गरी तिनबाट प्राप्त परिणामलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

## भूमिकाको विस्तार

कुनै व्यक्ति आफ्नो भूमिका र दृष्टिकोणमा प्रतिबद्ध हुन नसकी मनोवैज्ञानिक समस्यामा पर्ने प्रक्रिया नै भूमिकाको विस्तार (रोल डिफ्युजन) हो । कथामा परिचयसङ्कटको प्रारम्भ पात्रको भूमिकामा देखिने विस्तारबाटै हुन्छ । एउटा भूमिकामा अभ्यस्त र सचेत भई त्यसमा आउने समस्याको समाधान सहज रूपले गर्ने बानी भएको पात्र अकस्मात् अर्को भूमिकामा प्रस्तुत हुनुपर्दा उसले द्वन्द्व र सङ्कटको सामना गर्नुपर्छ । मीरा प्रधान रेमको 'एउटा महानगरमा' कथामा प्रयुक्त 'म' र केटी दुई पात्रहरू जर्मनीको ह्याम्बर्ग सहरमा बस्छन् । दुवैको उमेरसमूह इरिक्सनको विभाजनमा पूर्ववयस्कावस्था (२१–३० वर्षसम्म) कै हो । ' म' पात्र नेपाली हो तर ऊ जर्मनेली युवती कोरीसित प्रेममा परेको छ भने केटी पात्रचाहिँ जर्मनेली पुरुषसँग प्रेममा परेकी छ किनभने यस अवस्थाको आधारभूत ताकत नै प्रेम हो । उनीहरू किशोरावस्थाको एकल जीवन पार गरेर प्रेममा पर्नु नै उनीहरूको भूमिकामा परिवर्तन भई त्यसको विस्तार हुनु हो । यस अवस्थामा व्यक्तिको मनमा निकटताका विरुद्ध एकान्तवासको द्वन्द्व हुन्छ । जर्मनीमा बसेर पढ्दै गरेको र कोरीसित गहिरो प्रेममा परेको 'म'पात्रलाई प्रेमका हरेक स्मृतिहरू प्रिय छन् । उसले कोरीसित बियर पिएको रेस्टुरेन्टको रमाइलो, ऊसितको शारीरिक मिलनको सम्झना र बिदाइको पीडाका कारण शून्यताको अनुभूति गरेको छ । कोरीलाई क्यामरुन पठाउँदाको घटनाको स्मरण 'म'पात्रले यसरी गरेको छ :

> ट्रेन आयो । तिमी मलाई एउटा चुम्बन दिएर भर्खरै अडेको ट्रेनको खोल्न (खुल्न) लागेको ढोकातिर दगुऱ्यौ । मान्छेहरूका भित्रबाट बाहिरिने ताँती र बाहिरबाट भित्रिने ताँतीले ढोका एक छिन जाम परेझैँ देखिएथ्यो । कोरी, तिमीले झ्यालबाट हातसम्म पनि हल्लाउन नभ्याउँदै ट्रेन एउटा झट्कासाथ गुडिहाल्यो ।
>
> अन्तिम मिलन ! अन्तिम बिदाइ !" (पृ. ४५)

यसबाट के स्पष्ट हुन्छ भने 'म'पात्र रेस्टुरेन्टको टेबलमा एक्लै बसेको भए पनि र कोरी उसलाई छोडेर हिँडिसकेको भए पनि उसको मनमा भने कोरीकै सम्झना मात्र

ओहोरदोहोर गरिरहेको छ । त्यसैले कोरीलाई छोडेर आउँदा सब-वे उसलाई शून्य लाग्छ । एकातिर कोरीको प्रेमीको भूमिकामा रहेको 'म' पात्रलाई नेपालबाट आमाले बिहेका निम्ति सम्झाउँदै चिठी पठाउँछिन् र एउटा चिठीमा बिहे गर्ने केटीको फोटो पनि आइपुग्छ । आमाको चिठीमा यस्तो लेखिएको छ :

> हामीकहाँ दुई व्यक्तिको खुसीको लागि मात्र होइन परिवारको सामूहिक सुखका लागि पनि दुलही भित्र्याइन्छ ।.... हजुरबा, बाआमा, विधवा फुपू, दुई विद्यार्थी अविवाहित बहिनीहरू– तिनीहरू सबै तिमीलाई पर्खिरहेका छन् । तिम्रो काँधमा परिवारको अदृश्य बोझ बोकेर तिमी हिँडेका छौ । नेपाली परिवारमा एउटा व्यक्तिका आकांक्षाहरू व्यक्तिगत सीमाभित्र मात्र सीमित हुन सक्दैनन् । तिमी छोराको धर्मबाट, पारिवारिक दायित्वबाट र साथै आफ्नो संस्कारबाट भाग्न सक्तैनौ । (पृ. ४१–४२)

यसमा 'म' पात्र विदेशमा अध्ययनरत र फुक्काफाल प्रेम गर्ने एउटा विद्यार्थीको भूमिकाबाट परिवारको कर्तव्यको बोझ बोक्ने जिम्मेवार सदस्य बन्नुपर्ने अवस्थामा पुगेको देखिन्छ । त्यति मात्र नभई आफ्नो इच्छा नभएर पनि परिवारको खुसीका लागि बिहे गरिदिनुपर्ने बाध्यताको उपदेशले ऊ निकै दबाबमा पर्छ । यसै बिन्दुमा 'म'पात्रको भूमिकामा विस्तार भएको छ र उसको मनमा चिन्ता एवम् अकर्मण्यताको विकृति सिर्जना हुन्छ । त्यसै गरी यस कथामा 'म'पात्रले रेस्टुरेन्टमा भेटेकी जर्मनेली केटी पनि फोटोग्राफर केटासित प्रेममा परेकी छ । किशोरावस्थाको सङ्कट पार गरेर उसको भूमिका प्रेमिकाका रूपमा विस्तार भएको छ भन्ने कुरा 'म'पात्रसितको संवादमा यसरी प्रकट भएको छ :

– 'साड्' (अपसोच) हाम्रो भर्खर मात्रै भेट भयो ।

– 'साड्' (अपसोच)... तिमी राम्री छ्यौ ।

– धन्यवाद ।... एउटा फोटोग्राफर मेरो पछि लागेको छ ।

– 'काइन बुन्डर' ! (आश्चर्य लाग्दैन)

– उसलाई म प्रेम गर्छु । तर ऊ मलाई उसको क्यामेराअगाडि मेरो छाती नङ्ग्याइदिनू भनेर जिद्दी गर्छ । मोह देखाउँछ– चाँडै प्रख्याति पाउने लोभ देखाउँछ, थुप्रै पैसा कमाउने आस देखाउँछ । (पृ. ४८)

उपर्युक्त संवादबाट जर्मनेली केटीको सौन्दर्यबाट 'म'पात्र आकर्षित भएको छ र उसले केटीको पछि फोटोग्राफर लाग्नुलाई सामान्य ठानेको छ । केटीको भूमिका प्रेमिकाका रूपमा फेरिनु उसका निम्ति सम्बन्धको अपूर्व विस्तार हो तर त्यस सम्बन्धमा उसलाई सहज अनुभूति भएको देखिन्न । परिवारको सहमति वा सल्लाहमा किशोरावस्था बिताएका केटाकेटीलाई आफ्नो भूमिका विस्तार भई प्रेमको नयाँ आधार अवलम्बन गर्दा आफ्नै निर्णय

र कार्यमा सन्देहको सम्भावना अत्यधिक रहन्छ जसले व्यक्तिमा परिचयसङ्कट सिर्जना गर्छ। 'म'पात्र र जर्मनेली केटीको मानसिकताले त्यही सङ्कटापन्न अवस्था देखाएको छ ।

## भूमिकामा दुविधा

व्यक्तिले समाजमा आफ्नो स्थानका बारेमा अनिश्चितता अनुभव गर्दा उसको भूमिकामा दुविधा (रोल कन्फ्युजन) उत्पन्न हुन्छ । यस्तो परिचयसङ्कटको अवस्थामा ऊ भिन्न भिन्न जीवनशैलीको प्रयोगमा अभिरुचि राख्छ । यस अवस्थामा अरुसँग निकटता र एकान्तवासका बिच द्वन्द्व हुने हुँदा व्यक्तिमा आफ्नो वास्तविकताप्रति भ्रमको वातावरण सिर्जना हुन्छ । यस अवस्थामा प्रणयको भाव उच्च हुने हुनाले प्रेमीप्रेमिकाले एकअर्काको ख्याल राख्ने, भेटघाट गरिराख्ने, आफ्ना अनुभूति साझा गर्ने तथा शरीर र मनलाई एकाकार पारिराख्नुपर्ने हुन्छ (इरिक्सन र इरिक्सन, सन् १९९७, पृ. ६७) । यस्तो परिस्थितिमा व्यक्तिहरूका बिच कुनै विचारधारात्मक वा सांस्कृतिक कारणले निकटतामा अवरोध आयो भने भूमिकामा दुविधा सिर्जना हुन्छ र परिचयसङ्कटको पीडा सहनुपर्ने हुन्छ । 'एउटा महानगरमा' कथामा 'म'पात्रले कोरीसित जर्मनीको ह्याम्बर्गमा निकटता प्राप्त गरेको र अनुभवहरू साटासाट गरेको तथ्य यसरी प्रस्तुत गरिएको छ :

> कोरी, तिमीले त्यस दिन टेबिलमा आमाको चिठीसँगै रहेको तस्बिर सरसरी निहारेथ्यौ । तिमी आउनुअगाडि तस्बिर लुकाउन नपाएकोमा मलाई अलि खल्लो लागेथ्यो ।
>
> "कस्ती भोलीभाली देखिने केटी । कस्तो हिस्सी परेकी !"– अनि तिम्रो जिज्ञासापूर्ण प्रश्न– "को हो ?"
>
> एक छिन म हिच्किचाएथेँ, सत्य भनूँ या नभनूँको अन्यौलमा । तर मैले सत्य भनिहालेँ– "मेरो बिहेको लागि मेरो परिवारले रोजेकी केटी ।"
>
> "ओ... !"– तिमी मलाई हेरेर विस्तारै हाँसिदियौ । टेबिलबाट तस्बिर उठाएर एक छिन घोरिएर निहार्‍यौ । (पृ. ४२)

'म'पात्रको उपर्युक्त स्मृतिबाट कोरीसँग उसको निकट सम्बन्ध रहेको पुष्टि हुन्छ किनभने: उसले कोरीबाट आफ्नो सत्य कुरा लुकाएको छैन तर आमाले पठाएको केटीको फोटो लुकाउन नपाएकोमा खल्लो लाग्नुले चाहिँ 'म'पात्र र कोरीबिच प्रेमसम्बन्ध रहेको सङ्केत पाइन्छ । उनीहरूले प्रेम, विवाह, संस्कृति, मूल्य आदिबारे गहन छलफल गरेकोबाट आफ्ना अनुभवहरू साटासाट गर्न उनी उत्सुक रहने गरेको देखिन्छ । 'म'पात्रले नेपाली केटीसित बिहे गर्ने हो कि भन्ने आशङ्काले कोरी विचलित र उत्तेजित भएको तथा मुटु हल्लिएको (पृ. ४३) अनुभूति वर्णन गरिएकाले उनीहरूको सम्बन्धमा रहेको प्रेमको आकलन गर्न सकिन्छ । साथै उनीहरूको रेस्टुरेन्टको निश्चित टेबिलमा हुने निरन्तरको प्रेमिल भेट

(डेटिङ) को सङ्केत 'म'पात्रले आफ्नो स्मृति "हामीले यस्तो रेस्टुराँलाई किन सधैँ भव्य ठानेथ्यौँ हँ, कोरी ? किन यहाँ आएर बियर पिउँदा हामी सधैँ रमाउँदथ्यौँ । तिमी सधैँ बस्ने मेच आज खाली छ" (पृ. ४४) वर्णन गरेकोबाट हुन्छ । त्यस्तै, उनीहरूबिच प्रगाढ चुम्बन तथा यौनसम्बन्ध पनि रहेको छ भन्ने तथ्यको जानकारी 'म'पात्रकै स्मृतिबाट पाइन्छ :

> लागेथ्यो, सायद तिमी केही बोल्न चाहन्थ्यौ । मेरा ओठहरूभित्र तिम्रा ओठहरू काँपेझैँ भान परेथ्यो । तर म चाहन्नथेँ तिमी केही बोल । त्यो क्षण सायद मलाई डर थियो कतै तिमीले 'मलाई प्रेम गर्छु' भनिदेउली भनेर । सायद तिमीलाई डर थियो कतै मैले तिमीलाई प्रेम गर्छु भनिहाल्छु कि भनेर ।
>
> मेरो शरीरको बोझमुनि तिमी हाँफ्दै थियौ । थाहा थियो हामी दुवैलाई हामीले त्यसरी डराएको त्यो क्षण अब बितिसक्यो । (पृ. ४३)

यसमा 'म'पात्रले सम्झेको "त्यो क्षण सायद मलाई डर थियो कि कतै तिमीले ' मलाई प्रेम गर्छु' भनिदेउली भनेर" भन्ने सोचले उसमा कोरीसितको प्रेमसम्बन्धी दुविधालाई सङ्केत गर्छ । कोरीसित सबै कुरा साझा गर्ने र शारीरिक सम्बन्धमा पनि रहने तर प्रेमको अभिव्यक्ति आउला कि भनेर भयग्रस्त हुनुमा 'म'पात्रको प्रेम र विवाहसम्बन्धी नेपाली संस्कृतिमा रहेको आदर्शले काम गरेको देखिन्छ । अर्कातिर 'म'पात्रको भूमिकामा दुविधा आमाले तस्बिर पठाएकी नेपाली केटीसित विवाह गर्ने कुरामा पनि उत्तिकै रहेको छ । उक्त केटीको तस्बिर हेर्दै उसको मनमा आएका सोचाइको लहरले परम्परागत भूमिकामा रहेको उसको दुविधा यसरी पुष्टि गरेको छ :

> "नडराऊ, तिमीलाई मैले बिहे गर्ने छैन ।"– छातीभित्र मेरो अहङ्कार बोल्छ । अनि केही सम्झेर हाँसो उठ्छ । तस्बिरलाई मैले फेरि भन्छु– थाहा छैन तिमीलाई ? मुकुन्दले सोधेको थियो, 'इन्दिरा अझै चोखी छे ?' तर इन्दिराले कहिल्यै सोधेकी थिइन, 'मुकुन्द अझै चोखो छ ?'
>
> खुसी लाग्छ । मानौँ त्यो केटीलाई मैले जुवारीमा हराइदिएछु ।
>
> केटीको तस्बिर आमाको चिट्ठीको खामभित्र घुसार्दछु, काठमाडौँ नपुगी फेरि नहेर्ने बाचा गरेर । (पृ. ४३)

उपर्युक्त अभिव्यक्तिमा 'म'पात्रले आमालाई 'म नेपाली केटीसित बिहे गर्दिनँ' भन्न सकेको छैन तर केटीको तस्बिर हेरर चाहिँ 'तिमीलाई मैले बिहे गर्ने छैन' भनेको छ तर आमाको आग्रहमा ऊ बिहे गर्न अर्को हप्ता काठमाडौँ जान पनि लागेको छ । यस प्रकारका क्रियाकलाप र सोचले 'म'पात्रमा रहेको कोरीको प्रेमी र आमाको पुत्रको भूमिकामा दुविधा प्रस्ट हुन्छ । यसै दुविधाका कारण ऊ कोरीसित नेपाली विवाहपद्धतिका सुन्दर पक्षमा बहस

त गर्छ तर विवाहकै कारण कोरीले आफूलाई छोडेर जाने हो कि भन्ने भयले व्याकुल पनि भइरहन्छ ।

'म'पात्रमा आमाको आग्रहले नेपाल फर्किनुपर्ने अवस्थाप्रति उत्साह नभई बाध्यता देखिन्छ । उसमा आफ्नो जस्ता देशमा भौतिक सुखसुविधा नभएकोमा खेद त पाइन्छ तर कुनै विदेशीबाट हुने देशको आलोचना भने सह्य हुन्न । रेस्टुरेन्टमा भेटिएकी जर्मनेली केटीले पहिलो पटक नेपाली मान्छे 'म'पात्रलाई भेटेको हुँदा उत्साहित हुँदै "म पनि नेपाल घुम्न चाहन्छु । एक दिन पैसा जम्मा भएपछि नेपाल, भारत र थाइल्यान्ड घुम्न जाने छु" (पृ. ४६) भन्दा ऊ केटीको कुरा चाख नलिईकन सुन्छ तर तलको उनीहरूको संवादमा आफू नेपालको परिवेशबाट भागेर जर्मनी आएको नभई आफ्नै देश (घर) फर्कंदै गरेको कुरा यसरी सगर्व सुनाउँछ :

– तिमी किन बोल्दैनौ ? तिमीलाई मैले बोर त गरिनँ ?

– होइन । होइन । तिम्रा कुराहरू मलाई घत लाग्यो ।

– मलाई यो महानगरबाट भागूँ-भागूँ जस्तो लाग्छ ।

– कहाँ ? तृतीय जगत्मा ? जहाँ मान्छेलाई प्राथमिक अनिवार्यताहरू जुटाउनको सङ्घर्ष नै सकिएको छैन । जहाँ एउटा स्थिर सत्ताको अवस्थाले मजबुत जरा बसाल्न सकेको छैन ।

– त तिमी आफ्नो परिवेशबाट भागेर आयौ ?

– यो हप्ता म घर फर्कंदै छु । (पृ. ४८)

यसमा केटी जर्मनीको ह्याम्बर्गको भौतिक चहकमहकले दिक्क भएर नेपाल, भारततिर जान चाहन्छे तर 'म'पात्रचाहिँ 'तृतीय जगत्' अर्थात् गरिब विकासोन्मुख देशहरूको भौतिक समृद्धि र शासकीय व्यवस्थापनमा रहेको कमीको सङ्केत गर्छ । त्यसो भए पनि उसलाई आफू भागेर आएको शरणार्थीका रूपमा परिचित हुनु स्वीकार्य नभएकाले उसले आफू घर फर्कंदै गरेको कुरा सुनाएको हो । यसबाट के प्रस्ट हुन्छ भने 'म'पात्रमा आफ्नो देश कमजोर भएकाले त्यहाँ किन जाने भन्ने तथा आफ्नो परिचय नहराओस् पनि भन्ने मानसिकताका बिच प्रबल द्वन्द्व छ । यस्तो द्वन्द्व उसको महिलाको सौन्दर्यप्रतिको धारणामा पनि प्रकट भएको छ । उसका निम्ति महिलाको सौन्दर्यको औचित्य लोग्नेमान्छेलाई उत्तेजित गर्न र स्खलित पार्न प्रकृतिले सिर्जना गरेको अनिवार्य तत्त्व हो (पृ. ४१) जसका कारण जर्मनेली केटीले उसलाई रेस्टुरेन्टमा 'यु चाउभिस्ट पिग' (तँ महिलाप्रति पूर्वाग्रही सुँगुर) भनी गाली गर्दै टेबिल छोडेर हिँडेकी छ । त्यसका साथै बालकृष्ण समको *मुकुन्द-इन्दिरा* नाटकमा मुकुन्दले आफू कलकत्तामा वेश्यालय जाने तर घरमा रहेकी आफ्नी पत्नी इन्दिराप्रति

अविश्वास र आशङ्का गरेको पूर्वसन्दर्भ ल्याएर 'म'पात्रले आफूमा परम्परागत पुरुषत्वको धङधडी अभै बाँकी नै रहेको तथ्य प्रमाणित गरेको छ ।

**आत्मसन्देह**

व्यक्तिमा आफ्नो क्षमता, कार्य र आफैँमा समेत अविश्वासको अनुभूति हुनु आत्मसन्देह (सेल्फ-डाउट) हो । यसले गर्दा व्यक्तिको मनोदशामा अस्थिरता सिर्जना हुन्छ, आत्मसम्मानमा कमी आउँछ अनि उसलाई चिन्ता र विषादले सताउँछ । व्यक्तिमा आफू को हुँ भन्ने समस्या सिर्जना र आफ्नो विश्वासको दह्रिलो आधार फेला नपार्नु आत्मसन्देहका विशेषता हुन् । भिन्न भूगोल र पृथक् संस्कृति भएको स्थानमा स्थापित हुनुपर्ने परिस्थितिमा व्यक्तिले आर्जन गरेका अनुभवहरू कमजोर हुँदै जानाले ऊ आफैँले बनाएको परिचयप्रति समेत सन्देह गर्न थाल्छ । त्यसको कारण के हो भने भौतिक प्रगति भएको विदेशी परिवेशमा बस्न जानासाथ व्यक्तिलाई वैकल्पिक जातीयताको पहिचान मिल्छ र उसले आफ्नै सांस्कृतिक विश्वाससँग पनि सङ्घर्ष गर्नुपर्ने हुन्छ (अस्क्रोफ्ट, ग्रिफिथ्स र टिफिन, सन् १९८९, पृ. ४१) । यसरी व्यक्तिमा आत्मसन्देह प्रकट हुनुका कारणमा नकारात्मक पूर्वअनुभव, असफलताको भय र अरुसितको निरन्तर तुलना पर्छन् । मीरा प्रधान रेमको 'एउटा महानगरमा' कथामा 'म'पात्रले जर्मनीमा विदेशीका रूपमा तथा भौतिक विकासको तामभामका कारण आत्मसन्देह अनुभूत गरेको छ ।

प्रस्तुत कथामा ह्याम्बर्ग महानगरको रेस्टुराँको वातावरणलाई 'म'पात्रले नकारात्मक रूपमा यसरी वर्णन गरेको देखिन्छ : "आज मलाई यहाँ घन्किरहेको सङ्गीत पनि बेतालमा चिच्याइराखेको भैँ लाग्छ । आज मलाई यहाँ भरिभराउ मान्छेहरू पनि रोबोटका हुलभैँ लाग्छन् । टेबिलमा सजाइएको सानो फूलदानको एउटा सिङ्गो गुलाफ पनि मैलो लाग्छ" (पृ. ४४) । त्यसो भए पनि जब उसले रेडलाइट डिस्ट्रिक्टका सडकहरूमा पाश्चात्य यौनउन्मादको वातावरण एवम् त्यहाँ युरोपेली, एसियाली, अफ्रिकाली र ल्याटिन अमेरिकाली केटाकेटीको निर्वस्त्र नृत्य तथा यौनआह्वान देख्छ, तब उसलाई आफ्नो पूर्वसञ्चित पूर्वीय परम्परामै आशङ्का उत्पन्न हुन्छ :

> ए हरिवंश पुराण ! तँ भुटो बोल्छस् । कसले भन्यो कृष्णले बस्ती बसाइदिएको यादवहरूको द्वारिका कृष्णको मृत्युपछि समुद्रको पानीले निलिदियो ? कसले भन्यो कृष्णले बसाइँ गरिदिएका ती हजारौँ बजारिया आइमाईहरू सबै मरिसके ? देख्दैनस् हरेक सहरमा, हरेक नगरमा, महानगरमा कुनै न कुनै रूपमा द्वारिका र कृष्णलीला प्रत्यक्ष या अप्रत्यक्ष, वैध वा अवैध आज पनि जीवित छन् । (पृ. ४८)

'म'पात्रले अनुभूत गरेको पश्चिमी पुँजीवादी यौनव्यापार र पूर्वीय कृष्णको आध्यात्मिक रतिक्रीडाका बिचको तुलना गरी तिनमा एकत्व पाएको उपर्युक्त परिघटनामा उसको आत्मसन्देहको परिचय पाइन्छ । यसको अभै स्पष्ट सङ्केत त्यहाँ छ जहाँ उसले

नेपाली संस्कृतिमा आफ्नो वैयक्तिक स्वतन्त्रतालाई दायित्वले समाप्त पार्ने नकारात्मक दृष्टिकोण राखेको छ :

> अर्को हप्ता, यो समय म यहाँबाट धेरै टाढा अर्कै संसारमा बाँच्ने छु ।
>
> मेरो स्वतन्त्रता ?– किचिइने छ । निस्सासिने छ ।
>
> मेरो काँध छोराको सांस्कृतिक दायित्वले झुक्ने छ ।
>
> ए सनातन परिवार ! एउटा मान्छे तिम्रो संस्कारमा अटाउन सकेन, तिमी फाटिदेऊ, तिमी च्यात्तिदेऊ.... (पृ. ४९)

यसमा नेपाल फर्किनुपरेकोमा 'म'पात्र अत्यन्त आक्रोशित छ तर जर्मनीको बसाइमा पनि ऊ सांस्कृतिक धक्का अनुभूत गर्छ । उसको आत्मसन्देहको मात्रा त्यति बेला बढ्छ जति बेला उसलाई जर्मनेली केटीले रेस्टुराँको पहिलो भेटमा नै 'तिमी 'आसियालिइट' (शरणार्थी) हौ ?' भनेर सोध्छे तब आफू नेपाली भएको परिचय दिए पनि उसमा सन्देश सिर्जना भएका कारण बियर पिइसकेर ऊ त्यहाँबाट भाग्न खोज्छ । त्यसै बेला बाटाको घटना उसको मनमा यसरी आएको छ : "बाटोमा एउटा 'स्किन-हेड' (विदेशी मन नपराउने जमातको सदस्य) सँग जम्काभेट हुँदा आफ्नो आङ कसरी सिरिङ्ग भएको सम्झन्छु" (पृ. ४६) । यहाँ 'म'पात्रको आङ सिरिङ्ग हुनुको कारण उसको मनमा आत्मसन्देह रहनु नै हो । यसलाई पुष्टि गर्दै उसले भनेको पनि छ : "यो देशमा मैले जतिसुकै वर्षहरू बिताए पनि आखिर उनीहरूका आँखामा म विदेशी नै ठहरिने छु" (पृ. ४६) । यस अभिव्यक्तिले आफ्नो परिचयप्रति नै 'म'पात्रमा सन्दिग्धता रहेको देखाउँछ । आत्मसन्देहका कारण उसमा सहज पलायनको विकृति प्रकट भएको छ र नै उसले नशामा मातेर रेस्टुराँमा अभद्र व्यवहार गरेको हो । बैरागी काइँलाको 'मातेको मान्छेको भाषण मध्यरातपछिको सटकसित' कवितासित सादृश्य राख्ने पङ्क्तिहरू बोलेर नजिकको टेबिलको मान्छेलाई त्यसको लेखकका बारेमा सोध्नुले उसमा असफलताको भय अधिक देखिन्छ जसले उसको मानसिक अवस्था असामान्य बनेको पाइन्छ । उसले आफ्ना विकृत क्रियाकलापको चित्रण यसरी गरेको छ :

> नजिकको टेबिलको मान्छेलाई बोलाएर सोध्छु– त्यो कवि को हो ?
>
> उसले वाल्ल परेर मलाई हेर्दा पाइतलादेखि रिस उठ्छ । मैले मुट्ठीहरू कसेर टेबिलमा ड्वाङ-ड्वाङ बजार्दछु । आँखाबाट झर्न नसकेका आँसुका ढिकाले छाती नराम्रोसँग हल्लाइराखेको हुन्छ ।
>
> रेस्टुराँको मालिक आएर मलाई बडो शिष्टतासाथ बाहिर डोऱ्याउँछ । (पृ. ५०)

'म' पात्रको उपर्युक्त क्रिया र अवस्थाले उसमा सांस्कृतिक चिन्तनप्रतिको असन्तुलनका कारण आत्मसन्देह जटिल बन्दै गई परिचयसङ्कट सिर्जना भएको देखिन्छ । उसको मानसिक असन्तुलनको प्रतिफलका रूपमा यहाँ असम्बन्धित विदेशीलाई नेपाली

कविका बारेमा सोध्नु, उसले उत्तर नदिँदा रिसाउनु, टेबिलमा मुट्ठी बजार्नु र आँसुले छाती हल्लनु आदि व्यावहारिक विकृति देखा परेका छन् । यसो हुनुमा बियरको नशाले मात्र काम गरेको नभई प्रेम एवम् विवाहका सम्बन्धमा ह्याम्बर्ग र काठमाडौँमा रहेको चिन्तनको भिन्नता नै प्रमुख कारण बनेको छ । विदेशको स्वतन्त्रतामा शरणार्थीका रूपमा परिचय स्थापित हुने र स्वदेशको परतन्त्रतामा परम्परागत सांस्कृतिक अभ्यासको निरन्तरता रहने हुँदा सही निर्णय गर्न नसकी उसमा आफू के हुँ, को हुँ भन्ने कुरामै अस्पष्टता आएको छ । यस कथाको अन्त्यमा "... कोरी, तिमीले बिहे गर्न मानिनौ..." (पृ. ५०) भन्ने 'म'पात्रको चिन्तनप्रवाहले उसमा आत्मसन्देहको प्रबलता पुष्टि गर्छ किनभने परिवारले हेरेकी केटीसित बिहेको कुरा गरेर कोरीसँगको सम्बन्धलाई उसैले दुविधामा पुऱ्याएको हो तर त्यसको दोषचाहिँ अन्तिममा कोरीलाई लगाउन पुगेको छ । यसबाट 'म'पात्रमा परिचयसङ्कट सिर्जना भएको र त्यसबाट भयग्रस्त भई ऊ अधिक बियरको नशामा लीन हुने गलत बाटोमा हिँड्न थालेको छ ।

प्रस्तुत कथाकी पात्र जर्मनेली केटीले आफ्नो प्रेमीले आफूलाई व्यावसायिक रूपमा पैसा कमाउनका निम्ति उपयोग गर्न खोजेको पाएर उसको निकटताबाट भागेर एकान्तवास खोजेकी छ । पश्चिमी देशमा हुने प्रेमको संवेदनाका बारेमा शङ्का छ भन्ने कुरा उसले 'म'पात्रलाई गरेका दुई प्रश्नबाट प्रस्ट हुन्छ– "तिम्रो देशमा प्रेममा अझै रोमाञ्च बाँकी छ ?" र "प्रेम अझै ती पुराना कथा-कवितामा व्यक्त गरिने झैँ काव्यात्मक छ ?" (पृ. ४६–४७) । उपर्युक्त दुवै प्रश्नमा केटीले 'अझै' शब्द प्रयोग गरेर प्रेममा संवेदना छ भन्ने कुरामा नकारात्मक दृष्टिकोण देखाएकी छ। आफ्नो खोजी र वास्तविकताका बिच विपर्यास रहेको सन्दर्भलाई उसले यसरी अभिव्यक्त गरेकी छ :

> "प्रेममा म पारस्परिक संवेदना खोज्छु, निस्वार्थ त्याग खोज्छु । तर दुई व्यक्तिका व्यक्तित्वको होडबाजीमा पारस्परिक संवेदना निस्सासिन्छ । एउटा संवेदनाशून्य प्रेम हावाको झोक्कामा पनि टुट्न सक्छ । तर जीवन त आँधीबेहरीले मुक्त छैन । यहाँ प्रेमको अर्को नाम नै यौनको अभिव्यक्ति भइदिएको छ । यो महानगरमा जतातत्तै यौनको स्वतन्त्र प्रदर्शन देखेर तिमी विदेशीलाई... ।" (पृ. ४७)

यसमा प्रयुक्त चाहना र यथार्थका बिचको यो अन्तरालले जर्मनेली केटीले प्रेमीबाट आफूले खाजेको जस्तो मानवीय आत्मिक प्रेम पाएकी छैन भन्ने देखाएको छ। नयाँ सम्बन्धमा रहँदा आफ्नो इगोलाई सही तरिकाले व्यवस्थापन गर्न नसक्दा उसमा आत्मसन्देहको परिस्थिति सिर्जना भएको देखिन्छ जसको परिपूर्तिका निम्ति नै उसले रेस्टुराँमा एक्लै अल्लारिँदै बियर पिएर परिचयसङ्कटबाट मुक्त हुने प्रयास गरेकी छ । त्यसो भए पनि ऊ आफ्नै देशमा बसेकी हुनाले 'म'पात्रको जस्तो अनिर्णयको कठिन मोडमा पुगेकी भने छैन ।

## निष्कर्ष

व्यक्तिको परिचय भनेको उसको स्वको वास्तविकता पहिचान गर्ने प्रक्रिया हो । परिचयको निर्माण व्यक्तिको व्यवहार, प्रस्तुति, चिन्तन, योग्यता र विश्वासको समष्टिबाट हुन्छ । परिचयसङ्कटले आफ्नो क्षमताप्रति आत्मविश्वासको कमी तथा अनिर्णित असुरक्षाको भावनाका कारण व्यक्तिमा आफ्नै अस्तित्वका बारेमा उत्पन्न हुने अनिश्चितता र आशङ्कालाई बुझाउँछ । मीरा प्रधान रेमको 'एउटा महानगरमा' कथाले विदेशी भूमिमा आप्रवासनमा रहँदा सांस्कृतिक मूल्यगत पृथकताका कारण र प्रेमसम्बन्धमा निर्णय गर्नुपर्ने अवस्थामा 'म'पात्र र जर्मनेली केटीको मानसिकतामा सिर्जना भएको परिचयसङ्कट प्रस्तुत गरेको छ । यसमा प्रेम तथा वैवाहिक सम्बन्धलाई दिगो राख्न अन्य व्यक्तिसित निकटता र विश्वासको परिस्थिति तयार गर्नुपर्ने अवस्थामा हुने दुई पात्रहरूका परिचयसङ्कटको कारण र परिणति मूल्याङ्कन गरिएको छ । पात्रहरूको प्रेमसम्बन्धका कारण एकल जीवनबाट नयाँ व्यक्तिको निकटता व्यवस्थापन गर्नुपर्ने हुँदा भूमिकाको विस्तार भएको छ । 'म' पात्र नेपालबाट जर्मनीमा गई बसेको हुनाले उसले पराई भूमिको सांस्कृतिक र जीवनमूल्यगत भूमिकामा हुने दुविधा अनुभूत गरेको छ जसले गर्दा स्वतन्त्रतापूर्वक चयन गरेकी जर्मनेली प्रेमिका तथा घरकाले चयन गरेकी केटीमध्ये कसलाई अवलम्बन गर्ने भन्ने अनिर्णयका कारण उसमा आत्मसन्देह सिर्जना भएको छ । जर्मनीमा जति समय बसे पनि आफ्नो परिचय शरणार्थीकै हुने यथार्थबोध पनि उसले गरेको पाइन्छ । यसै कारण उसको परिचयसङ्कट निकै समस्याग्रस्त र कठिन मोडमा पुगेको देखिन्छ, जसलाई उसले रेस्टुराँमा गई बियरको नशाले क्षतिपूर्ति गर्ने असफल प्रयास गरेको छ । जर्मनेली केटीचाहिँ आफ्नै भूमिमा रहे पनि पुँजीवादी र पुरुषवादी चिन्तनका कारण प्रेमीले आफ्नो संवेदना नबुझेपछि प्रेमप्रति नै दुविधा उत्पन्न हुन गई त्यसबारे सही निर्णय गर्न नसकी आत्मसन्देहको परिस्थितिमा पुगेको देखिन्छ । त्यसो भए पनि उसले एसियाका देशमा भ्रमण गर्ने योजना बनाएर वा आत्मिक संवेदनायुक्त साथी खोजेर परिचयमा आएको सङ्कटबाट मुक्तिको प्रयास गर्न खोजेकी छ । त्यसैले ऊ रेस्टुराँमा एक्लै गएर बियर पिए पनि 'म'पात्र जस्तो असामान्य मनोदशामा पुगेकी छैन किनभने केटीका निम्ति त्यो महानगरीय संस्कृति स्वाभाविक जीवनपद्धतिका रूपमा छ तर 'म'पात्रका निम्ति भने त्यो अङ्गीकृत संस्कृति हो । 'म'पात्रले आफूलाई ह्याम्बर्गको अङ्गीकृत संस्कृतिसँग अनुकूलन गर्न सकेको पनि छैन र आफ्नो सनातन संस्कृतिप्रति पनि उसमा कुनै आस्था देखिन्न । उसको मानसिकतामा प्रेम र संस्कृतिप्रतिको सम्बन्धमा प्रतिबद्धताको कमीका कारण आत्मसन्देहको गम्भीर परिस्थिति आएको हुनाले 'म'पात्रको परिचयमा देखिएको गम्भीर सङ्कटले उसलाई नशातिर आकर्षित गरेको हो । अतः 'एउटा महानगरमा' कथामा मूल्यगत सम्बन्ध, भूमि र संस्कृतिको पृथकताका कारण पात्रहरूको परिचयसङ्कटका विविध आयामलाई कलात्मक रूपमा उद्घाटन गर्न कथाकार मीरा प्रधान रेम सफल भएकी छन् ।

## सन्दर्भ सामग्री

एटम, नेत्र (२०७०). सम्पादकीय. *नेपाली डायस्पोराका नारी कथाकार र कथा.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

गौतम, कृष्ण (२०६४). *उत्तरआधुनिक जिज्ञासा.* भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

गौतम, लक्ष्मणप्रसाद र अधिकारी, ज्ञानु (२०६९). *नेपाली कथाको इतिहास.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५३). मीराका कथा : मूल्यगत प्रश्नहरू. *एउटा महानगरमा* (ले. मीरा प्रधान रेम). नीहार प्रकाशन गृह, पृ. ९–१६ ।

प्रधान रेम, मीरा (२०५३). *एउटा महानगरमा.* नीहार प्रकाशन गृह ।

बराल, कृष्णहरि (२०७२). *मनोविश्लेषण र साहित्य* (दोस्रो संस्क.). अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

भट्टराई, गोविन्दराज (२०७२). *डायस्पोरा : सिद्धान्त र समालोचना.* नेपाल प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, अविनाश (२०५३). दुई हरफ. *एउटा महानगरमा* (ले. मीरा प्रधान रेम). नीहार प्रकाशन गृह, पृ. ७–८ ।

Ashcroft, Bill, Griffiths, Gareth & Tiffin, Helen (1989). *Key concepts in postcolonial studies*. Routledge

Erikson, Erik H. (1968). *Identity: youth and crissis*. W.W. Norton & Company, Inc.

Erikson, Erik H. (1982). *The lifecycle completed*. George J. Mcleod Limited.

Fanon, Frantz (1967). *Black skin white masks*. Trans. Charles Lam Markmann. Pluto Press.

Gandhi, Leela (2006). *Postcolonial theory: A critical introduction*. 6th inpression. Oxford India Limited.

Hall, Stuart (1989). Ethnicity: Identity and difference. *Radical America*, *23*(4). pp. 9–20.

Mercer, Kobena (1990). Welcome to the jungle: Identity and diversity in postmodern Politics. In Jonathan Rutherford (Ed.), *Identity: Community, culture, fifference* (pp. 43–66). Lawrence & Wishar.

Nayar, Pramod K. (2008). *Postcolonial literature: An introduction.* Dorling Kindersley (India) Limited.

Naimou, Angela (2023). Introduction: diaspora and literary studies. In Angela Naimou (Ed.), *Diaspora and literary studies* (pp. 1–30). Cambridge University Press.

Saha, Malay (2015). Born into an unaccustomed earth: Home, nationality and identity crisis in partition and diasporic literature. *International Journal of Research & Review*, *2*(8). pp. 504–507.

Said, Edward (1993). *Culture and imperialism*. Vintage publishers.

Schultz, Duane P. & Schultz, Sydney Ellen (2017). *Theories of personality*. 11th ed. Cengage Learning.

Steven, Vertovec (2012). *Transnationalism*. Special Indian edition. Routledge.